**शिखर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः५ संख्याः२ शिखर नगरपालिका,डोटी स्थानीय राजपत्र भाग २ मितिः२०७८/५/२१**

## भाग–२

**शिखर नगरपालिका**

**सम्बत् २०७८ सालको कार्यविधि नं.१**

## शिखर नगरपालिकाको पशुपन्छी अनुदान तथा कार्यक्रम संचालन कार्यविधि, २०७८

**प्रस्तावनाः** मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपन्छीपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वस्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको स्वस्थ उत्पादन, बिक्रि बितरण, उपभोग तथा निकासी पैठारी गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम संचालन गर्न आवश्यक भई,

शिखर नगरपालिका क्षेत्रभित्र पशुपन्छी पालन गर्ने किसानहरुलाई व्यवस्थित र प्रतिस्पर्धी बनाई उनीहरुको आयआर्जन बृद्धि गरी स्वाबलम्बी बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी शिखर नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम** : (१) यस कार्यविधिको नाम **"शिखर नगरपालिकाको पशुपन्छी अनुदान तथा कार्यक्रम संचालन कार्यविधि,२०७८"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद -२

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"नगर पालिका"** भन्नाले शिखर नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) **"प्रमुख"** भन्नाले शिखर नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ग) **"उपप्रमुख"** भन्नाले शिखर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(घ) **"आर्थिक विकास समिति"** भन्नाले शिखर नगर कार्यपालिकाको विषय क्षेत्रगत समिति अर्न्तगतको आर्थिक विकास समिति सम्झनु पर्छ ।

(ङ) **"पूर्वाधार विकास समिति"** भन्नाले शिखर नगर कार्यपालिकाको बिषय क्षेत्रगत समिति अर्न्तगतको पूर्वाधार विकास समिति सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले शिखर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(छ) **"वडा"** भन्नाले शिखर नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ज) **"शाखा"** भन्नाले नगरपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्छ ।

(झ) **"शाखा प्रमुख"** भन्नाले पशु सेवा शाखा प्रमुखलाई सम्झनु पर्छ ।

## परिच्छेद - ३
## अनुदान वितरणका आधार

**३. अनुदान वितरणका आधारहरु :** अनदान उपलब्ध गराउदा देहायका आधारमा गरिनेछ–

(१) शिखर नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कृषक ।

(२) पशुपालन व्यवसायमा संलग्न व्यक्ति, समूह वा व्यवसायिक फार्म ।

(३) उपदफा (१) र (२) को योग्यता भएका आदीवासी जनजाती, दलित, महिला, वैदेशिक रोजगारबाट फर्केका व्यक्ति, पिछडा वर्ग तथा अन्य विपन्न समूहका व्यक्तिहरुलाई अनुदान वितरणमा प्राथमिकता दिईनेछ ।

## परिच्छेद - ४
## अनुदान वितरण तथा कार्यक्रम संचालनका क्षेत्रहरु

**४. अनुदान वितरण तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु :** अनुदान वितरण तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् –

**(क) गोठ/खोर सुधार तथा निर्माण अनुदान** :

नगरपालिकाको स्विकृत वार्षिक कार्यक्रम अनुसार गोठ/खोर सुधार तथा निर्माण अनुदान कार्यक्रमका लागि आवेदन माग गर्न १५ दिने सूचना प्रकाशन गरी दर्ता हुन आएका प्रस्तावहरुको छानविन, स्थलगत मूल्यङ्कन तथा प्राविधिक मूल्याङ्कनको आधारमा छनौट गरि बाखा/कुखुरा खोर तथा गाई/भैसी गोठ सुधारका लागि अनुदान व्यवस्थापन समितिको निर्णयानुसार अनुदान रकम प्रदान गरिनेछ ।

**(ख) डेरि पसल/मासु पसल सुधार अनुदान :**

नगरपालिकाको स्विकृत वार्षिक कार्यक्रम अनुसार डेरि पसल/मासु पसल सुधार अनुदान कार्यक्रमका लागि आवेदन माग गर्न १५ दिने सूचना प्रकाशन गरी दर्ता हुन आएका प्रस्तावहरुको छानविन, स्थलगत मूल्यङ्कन तथा प्राविधिक मूल्याङ्कनको आधारमा छनौट गरी डेरि पसल तथा मासु पसल सुधारका लागि अनुदान व्यवस्थापन समितिको निर्णयानुसार वस्तुगत तथा नगद अनुदान रकम प्रदान गरिनेछ ।

**(ग) प्रजनन्योग्य भाले जनावर वितरण (बोका, राँगो, बहर) :**

नगरपालिकाको पशु सेवा शाखाबाट पशुपालक कृषक, व्यवसायिक फार्म, पशुपालन कृषक समूहहरुलाई मागको आधारमा अनुदान व्यवस्थापन समितिको निर्णयानुसार प्रजनन्का लागि उन्नत बोका, राँगो तथा बहर अनुदानमा वितरण गरिनेछ ।

**(घ) डालेघाँस तथा घाँसको बिउँ खरिद तथा वितरण :**

नगरपालिका क्षेत्र भित्रका वास्तविक किसान पहिचान गरी पशुपालक कृषक, पशुपालन कृषक समूह, तथा व्यवसायिक फार्महरुलाई समयानुसार डालेघाँस तथा घाँसका बेर्ना तथा बिउँ खरिद गरि वितरण गरिनेछ ।

**(ङ) तालिम :**

नगरपालिका क्षेत्रका पशुपालक कृषकहरुलाई पशुपालन सम्बन्धी नविनतम प्रविधि, ज्ञान, सिप प्रदान गर्न आर्थिक नर्मस अनुसार स्थलगत तथा नगरस्तरीय पशुपालन तालिम संचालन गरिनेछ ।

**(च) औषधि उपचार तथा खोप सेवा :**

नगरक्षेत्रभित्र पशुपन्छीहरुमा लाग्ने संक्रामक तथा अन्य रोगहरुको उपचारका लागि नगरपालिकाबाट विनियोजित रकमको सिमामा रही निःशुल्क औषधी तथा खोप वितरण गरिनेछ ।

**(छ) गाई,भैसी,बाखा,कुखुरा तथा बंगुर वितरण :**

नगरपालिका क्षेत्रमा पशुपालन गरिरहेका कृषकका लागि कार्यक्रम अनुसार सूचना प्रकाशन गरी, आवेदन माग गरी तथा पकेट क्षेत्रका पशुपालक कृषहरुको समूह गठन गरी कार्ययोजना अनुसार कार्यक्रम संचालन गरिनेछ ।

**(ज) मागमा आधारित कार्यक्रम तथा राहत कार्यक्रम :**

नगरपालिका क्षेत्र भित्र पशुपालन गरी रहेका पशुपालक कृषकहरुको माग बमोजिमका कार्यक्रम तथा पशुपन्छीपालक कृषकहरुको कुनै दैवीप्रकोप तथा अन्य महामारीबाट भएको क्षतिको पशु विकास कार्यदल तथा कार्यपालिकाको निर्णय अनुसार राहत रकम प्रदान गरिनेछ ।

## परिच्छेद - ५
## समूह/समिति, गठन तथा फार्म दर्ता सम्बन्धी व्यवस्था

**५. समूह/समिति, फार्म दर्ता गर्दाका प्रकृयाहरु तथा आवश्यक कागजात सम्बन्धी व्यवस्था :** समूह/समिति, फार्म दर्ता गर्दा निम्न प्रकृयाहरु तथा कागजात पूरा गरेको हुनु पर्नेछ –

**(क) समूह/समिति दर्ता गर्दा निम्न प्रकृया तथा कागजात पूरा गरेको हुनु पर्नेछ –**

(१) समूह/समिति गठन भै कार्यक्रम संचालन गरेको कम्तीमा १ (एक) महिना पुगि समूह/समितिले समूह/समिति दर्ताका लागि गरेको निर्णयको प्रतिलिपि ।

(२) समूह/समितिका कार्य समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपि ।

(३) सम्बन्धित वडाको सिफारिस पत्र ।

(४) कार्ययोजना ।

(५) समूह/समितिको विधान ।

(६) समूह दर्ता सम्बन्धी निवेदन ।

(७) आर्थिक ऐन अनुसारको राजश्व दस्तुर बुझाएको रसिद ।

**(ख) फार्म दर्ता गर्दा निम्न प्रकृया तथा कागजात पूरा गरेको हुनु पर्नेछ –**

(१) नागरिकताको प्रतिलिपि ।

(२) फार्म संचालन हुने स्थानको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।

(३) फार्म संचालन भएको स्थान भाडामा लिएको भए सम्झौताको प्रतिलिपि ।

(४) फार्मको व्यवसायिक कार्ययोजना ।

(५) चार किल्ला प्रमाणित तथा संधियारहरुको मुचुल्का ।

(६) सम्वन्धित वडाको सिफारिस पत्र ।

(७) फार्म दर्ताका लागि निवेदन ।

(८) आर्थिक ऐन अनुसारको राजश्व दस्तुर बुझाएको रसिद ।

## परिच्छेद - ६
## अनुदान व्यवस्थापन समिति

**६. अनुदान व्यवस्थापन समिति** : (क) अनुदान व्यवस्थापन तथा वितरण गर्न नगरपालिकामा तपसिल बमोजिमको अनुदान व्यवस्थापन समिति रहनेछ ।

**तपसिल**

१. नगर प्रमुख - अध्यक्ष
२. नगर उपप्रमुख - सदस्य
३. आर्थिक विकास समितिका संयोजक - सदस्य
४. पूर्वाधार विकास समितिका संयोजक - सदस्य
५. प्रमुख प्रशासकिय अधिकृत - सदस्य
६. कृषि विकास शाखा प्रमुख - सदस्य
७. पशु सेवा शाखा - सदस्य सचिव

## परिच्छेद - ७
## अनुगमन तथा मूल्याङ्कन

**७. अनुगमन तथा मूल्याङ्कन :** (क) यस कार्यविधि अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले अनुगमन तथा सुझाव दिन सक्ने छ ।
(ख) यस बमोजिम वितरण भएको अनुदान रकमको जानकारी नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ८
## संशोधन तथा परिमार्जन

**८. संशोधन तथा परिमार्जनः** नगर कार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद - ९
## खारेजी तथा बचाउ

**९. खारेजी तथा बचाउः** (क) यो कार्यविधि प्रचलित नेपाल कानुन, प्रदेश कानुन तथा शिखर नगरपालिकाका कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म खारेज हुनेछ ।
(ख) यो कार्यविधि प्रारम्भ हुनु अघि पशुपन्छीका सम्बन्धमा सञ्चालन भएका कार्यक्रम तथा प्रदान गरिएको अनुदानलाई यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## *अनुसूची - १*

मिति : .......................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
शिखर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, तलकोट, डोटी

**विषयः समूह दर्ता पाउँ बारे ।**

महोदय,

उपरोक्त सम्वन्धमा शिखर नगरपालिका वडा नं. ........... डोटीमा मिति ............................... गठन भै संचालित तपसिल बमोजिम विवरण भएको यस ..................................................... समूह लाई तहाँ कार्यालयको अभिलेखमा दर्ता गरि दिन हनु अनुरोध छ ।

**तपसिल :**

१. समूहको नाम, ठेगाना : ...............................

२. समूह सदस्य संख्या : ...........महिला..........पुरुष

(दलित.......... जनजाती....... अन्य.......... जम्मा............. )

३. हितकोष रकम रु.................

निवेदक :

नाम,थर :
ठेगाना :
दस्तखत :

***अनुसूची – २***

मिति :..............................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू

शिखर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, तलकोट, डोटी

**विषय : अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय

तहाँ कार्यालयको मिति ...................................... गते प्रकाशित ................................................ कार्यक्रममा सहभागी हुन पाउँ भनी सूचनामा उल्लेख भए बमोजिमका काजजातहरु सहित यो निवेदन पेश गरेको छु ।

पुनश्च : तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

२. अनूसूची ४ अनुसारको कार्यक्रम प्रस्ताव ।

३. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।

३. फार्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव,जग्गा आदी) का प्रतिलिपीहरु ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्ट तथा अन्य प्रतिलिपी ।

६. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धी विवरण ।

७. परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।

८. वडाको सिफारिस ।

निवेदक :
नाम,थर :
ठेगाना :
दस्तखत :

## *अनुसूची –३*

## फार्म सुधार कार्यक्रम
## संक्षिप्त व्यवसायिक कार्ययोजना

१. व्यवसायको परिचय :

२. उद्देश्यहरु :

३. व्यवसायमा अनुभव :

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त परिचय :

५. व्यवसाय संचालनका लागि रहेका पुर्वाधारहरु :

६. सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य बिबरण :

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा | | | | |

**नोट :** सहकार्यमा व्यवसाय संचालन गर्ने फार्मले न्यूनतम अनुदान बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्ने छ ।

७. उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित बार्षिक प्रतिफल

**प्रस्ताव पेश गर्ने :**

फार्मको नाम : सम्पर्क नं.

ठेगाना : गाउँ/टोल : वडा नं. नगरपालिका : शिखर जिल्ला : डोटी

व्यवसाय संचालन गरिने स्थान :

**फार्मको तर्फबाट सही गर्नेको**

नाम :
पद :
दस्तखत :
मिति :
संस्थाको छाप :

## *अनुसूची-४*

## *प्रस्तावको ढाँचा*

### ............................................ कार्यक्रमको प्रस्ताव पत्र

| **क.कार्यक्रमको सामान्य परिचय** | |
|---|---|
| आवेदकको नाम : | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| टेलिफोन नम्बर | |
| आवेदकको परिचय,अनुभव,तथा हाल संचालन गरिरहेका क्रियाकलाप | |
| यस कार्यक्रम अर्न्तगत संचालन गरिने प्रस्तावित क्रियाकलापहरु | |
| कार्यक्रमको जम्मा लागत रु. | |
| अनुदान माग गरेको रकम रु. | |
| कार्यक्रम संचालन गरिने स्थल | जिल्ला : डोटी<br>नगरपालिका : शिखर<br>वडा नम्बर :...............<br>स्थान :.............................. |

**ख. कार्यक्रम बाट हुने लाभान्वितहरुको विवरण**

| लाभान्वितको किसिम | संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | भुमिहिन | अन्य |
| कृषक | | | | | | | |
| व्यापारी | | | | | | | |

**ग.कार्यक्रम संचालन पश्चात प्राप्त हुने प्रतिफलहरु**

| | |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

**घ.लागत साझेदारी**

| सि.नं. | क्रियाकलापको नाम | इकाई | परिमाण | जम्मा लागत | आफ्नो लगानी | अनुदान |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**ङ.अनुमानित उत्पादन तथा बिक्रि वितरण**

| सि.नं. | उत्पादनको नाम | इकाई | परिमाण | दर | उत्पादनको बजार मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**च.कार्यक्रमको दिगोपना तथा निरन्तरता**

प्रमाणीकरण मिति : २०७८।५।२१

आज्ञाले,
परमानन्द शर्मा
नि.प्रमुख प्रशासकिय अधिकृत